

भीमफेदी गांउपालिका
आर्थिक ऐन,२०७५

भीमफेदी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
भीमफेदी, मकवानपुर
प्रदेश ३

भीमफेदी गाउँपालिकाको आर्थिक ऐन,२०७५

भीमफेदी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

गाउँसभाबाट स्वीकृत मितिः २०७५/३/२५

प्रस्तावनाः भीमफेदी गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भीमफेदी गाउँपालिकाको तेस्रो गांउ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भीमफेदी गाउँपालिका आर्थिक ऐन,२०७५" रहेको छ ।

(२) यो ऐन २०७५साल श्रावण १ गतेदेखि भीमफेदी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **परिभाषाः** गाउँपालिका भन्नाले भीमफेदी गाउँपालिकालाई बुझाउनेछ ।

३. **एकिकृत सम्पति करः** भिमफेदी गांउपालिका क्षेत्रभित्र कुनै व्यक्तिको स्वामित्वमा रहेको सम्पुर्ण घर र जग्गाको एकीकृत रुपमा हिसाव गरी अनुसूची (१) वमोजिम एकिकृत सम्पत्ति कर लागु गरिनेछ।

४. **मालपोत (भुमि कर) :** भीमफेदी गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) वमोजिम आ.व.०७५/७६ को मालपोत (भुमि कर) सो को जरीवाना असूल उपर गरिनेछ ।

५. **घर जग्गा वहाल करः** भीमफेदी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि(३)बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ र समय समयमा घरवहाल कर सम्बन्धी व्यवस्थाको अध्ययन गर्दै थप पारदर्शी तथा व्यवस्थित गरिदै लगिनेछ ।

६. **व्यवसाय करः** (१) भीमफेदी गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची (४) बमोजिम दर्ता तथा नविकरण शुल्क असुल उपर गरिनेछ।

(२) भीमफेदी गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका वा गाउँपालिका भित्रको स्रोतमा निर्भर रहँदै आएका कुनै व्यक्ति वा संस्था वा उधोगहरुले गाउँपालिका भित्र जग्गा-जमीन, ढुङ्गा, गिट्टी

वालुवा माटो लगाएतका भौतिक वस्तु ,सार्वजनिक सामान, सम्पत्ति उपयोग गरी व्यवसाय गरेमा अनुसुचि (४.१) बमोजिमको व्यवसाय कर असुल उपर गरिनेछ ।

७. जडिबुटी, कवाडी र जीवजन्तु करः भीमफेदी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानूनले निषेध गरिएको वाहेक ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल तथा मृत वा मारिएका जीवजन्तुका हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. सवारी साधन करः भीमफेदी गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. विज्ञापन करः भीमफेदी गाउँपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको घर, जग्गा, भवनवा सार्वजनिक स्थानमा व्यवसायिक प्रयोजनले कुनै विज्ञापन,साइनवोर्ड राख्रेलाईअनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **मनोरञ्जन कर** : भीमफेदी गांउपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुचि (८) वमोजिम मनोरञ्जन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ ।

११.बहाल बिटौरी शुल्कः भीमफेदी गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसल/टहरा छाप्रा आदिमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२.ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र च्याफ्टीङ्ग शुल्कः गाउँपालिकाकोआफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर, च्याफ्टीङ्गसेवा, साइक्लिङ्ग वा व्यवसाय संचालनको सम्भाव्यता अध्ययन तथा पहिचान गरी सोका लागि आवश्यक पूर्वाधारको विकास गर्दै त्यस्ता व्यवसाय संचालन तथा सेवा उपयोगबाट प्राप्त हुन सक्ने राजश्वको पहिचान गरी लागु गरिनेछ ।

१३.सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरेवापत अनूसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ । भीमफेदी गाउपालिका क्षेत्र भित्रको प्राकृतिक श्रोत र साधनहरुको यस गाउ पालिका क्षेत्र वाहिर प्रयोग गर्न लगे वापत यस गाउपालिका स्थानिय वासिन्दालाइ पार्ने वातवरणीय,

जैवीक,मानविय,स्वास्थ्य तथा भौतीक क्षेत्रमा पार्ने प्रभाव लाइ कम गर्न तथा त्यस प्रकारको क्षतीलाइ न्युनीकरण गर्न प्राकृतिक श्रोत साधन गाउपालीका वाहिर लगे वापत अनुसुचि (१०.क)मा उल्लिखित दरमा वातावरणीय,प्रदुषण तथा प्रकोप नियन्त्रण शुल्क लगाइने र असुल उपर गरिने छ । यसै गरी गाउपालिका क्षेत्रमा घर/पर्खाल बनाउन नक्सापास गरिपाउं भनी दिएको निवेदन बमोजिम नक्साको आधारमा घर/पर्खाल बनाउन नक्सापास गरिदिंदा अनुसुची (१०.ख)बमोजिमको दस्तुर लिइने छ ।

१४.ढुङ्गा,गिट्टी, स्लेट, वालूवा, चून ढुङ्गा, अभ्रख र दहत्तर वहत्तरको विक्री तथा निकासी शुल्क दस्तुर प्रदेश कानून वमोजिम तथा काठदाउरा जराजूरीको विक्री तथा निकासी अनूसूची (५) वमोजिम शूल्क लगाई असूल उपर गरिनेछ ।

१५.कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन

१६.जरिवाना शुल्कः–(१)गाउँपालिकाले कानून बमोजिम लगाएका करहरु समयमै नबुझाएमा यस ऐन बमोजिम अन्यत्र तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा एक, दुई, तीन, चार र पाच वर्ष म्याद नाघेमा क्रमशः १०प्रतिशत, २०प्रतिशत, ३०प्रतिशत, ४०प्रतिशत, ५०प्रतिशतको दरले थप जरिवाना असुल गरिने छ ।

(२) गाउँपालिकाबाट दर्ता हुनुपर्ने वा भएका फर्म, संस्था तथा अन्य व्यवसाय वा कार्य समयमै नविकरण नगरेमा अनुसूची (११) बमोजिम जरिवाना रकम असुल गरिनेछ ।

(३)व्यवसायिक प्रयोजनले गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका वा गाउँपालिका क्षेत्रभित्रको स्रोतमा निर्भर भई अन्यत्र संचालितकुनै व्यक्ति वा संस्था वा उद्योगले हेभी मेशीन(एक्साभेटर डोजर आदि) प्रयोग गरी वनजङ्गल वा जमीन वा खोलामा खाल्टोखन्ने, खोतल्ने, उत्खनन गर्ने जस्ता कार्य गरी सार्वजनिक वा व्यक्तिगत सम्पत्तिलाई हानी नोक्सानी हुने कार्य गरेको पाईएमा सो बाट स्थानीय नागरिकहरुको जनजीवनमा हुनजाने सम्भावित भौतिक तथा वातावरणीय क्षतिको क्षतिपूर्ति तथा वातवरण संरक्षण एवं सुधारको लागि त्यस्ता व्यक्ति वा संस्था वा उद्योगबाट अनुसुचि (११) बमोजिम जरिवाना असुल उपर गरिनेछ ।

(४) प्रचलित कानून बमोजिम तोकिएको समय भित्र व्यक्तिगत घटना दर्ता नगरेमा प्रति घटना रु१००।–जारिवाना गरिनेछ ।

१७.कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

१८.बाधा अड्काउ फुकाऊ : यो ऐनले नसमेटका कर तथा शुल्कहरु प्रचलित कानूनको परिधि भित्र रही गाउँकार्यपालिका बाट निर्णय भए बमोजिम हुनेछ। त्यसरी भएको निर्णय छ महिना भित्र गाउँसभाबाट अनुमोदन नभएमा स्वतः निष्क्रिय हुनेछ।

अनुसूची- १

(दफा ३ सँग सम्बन्धित)

एकीकृत सम्पत्ति करको दर

करयोग्य एकीकृत सम्पत्तिको मूल्य	बार्षिक दर
सात लाख रुपैयाँ सम्म	१००/–
सात लाख एक देखी दश लाख सम्म	१५०/–
दश लाख एक देखि वाह लाख पचास हजार सम्म	२५०/–
वाह लाख पचुास हजार एक देखी पन्ध्र लाख सम्म	३००/–
पन्ध्र लाख एक देखी सत्र लाख पचास हजार रुपैयासम्म	३५०/–
सत्र लाख पचास हजार एक देखि विस लाख सम्म	४००/–
विस लाख एक देखि वाईस लाख पचास हजार सम्म	४५०/–
वाईस लाख पचास हजार एक देखि पच्चिस लाख सम्म	५००/–
पच्चिस लाख एक देखि सताईस लाख पचास हजार सम्म	५५०/–
सत्ताईस लाख पचास हजार एक देखि तिस लाख सम्म	६००/–
तिस लाख एक देखि पैतिस लाख सम्म	७००/–
पैतिस लाख एक देखि चालिस लाख सम्म	८००/–
चालिस लाख एक देखि पैतालिस लाख सम्म	१०००/–
पैतालिस लाख एक देखि पचास लाख सम्म	१२५०/–
पचास लाख एक देखि साठी लाख सम्म	१५००/–
साठी लाख एक देखि सतरी लाख सम्म	१८००/–
सतरी लाख एक देखि अस्सि लाख सम्म	२१००/–
अस्सि लाख एक देखि नव्वे लाख सम्म	२५००/–
नव्वे लाख एक देखी एक करोड सम्म	२९००/–
एक करोड एक देखि एक करोड विस सम्म	३५००/–

एक करोड विस लाख एक देखि एक करोड चालिस सम्म	४५००/–
एक करोड चालिस लाख एक देखि एक करोड साठिलाख सम्म	५५००/–
एक करोड साठि लाख एक देखि एक करोड अस्सि लाख सम्म	६०००/–
एक करोड अस्सिलाख एक देखी दुई करोड सम्म	६८००/–
दुई करोड एक देखि दुई करोड पचास लाख सम्म	८५००/–
दुई करोड पचास लाख एक देखी तिन करोड सम्म	९५००/–
तिन करोड एक देखि चार करोड सम्म	१२०००/–
चार करोड एक देखी पाच करोड सम्म	१८०००/–
पाच करोड एकभन्दा माथी	३०००/–

अनुसुची २

मालपोत (भुमिकर)

(दफा ४ संग सम्वन्धित)

जग्गाको क्षेत्रफल (रोपनीमा)	जग्गाको किसिम र प्रतिरोपनी करको दर (रु. मा)							
	अव्वल		दोयम		सीम		चाहर	
	धनहर	बारी	धनहर	बारी	धनहर	बारी	धनहर	बारी
०-१०	३०/-	२५/-	२५/-	२०/-	२०/-	१५/-	१५/-	१०/-
१०-२०	३५/-	३०/-	३०/-	२५/-	२५/-	२०/-	२०/-	१५/-
२०- ३०	४५/-	४०/-	४०/-	३५/-	४०/-	३५/-	३०/-	२५/-
३०- ५०	५५ /-	५०/-	५०/-	४५/-	४५/-	४०/-	४०/-	३५/-
५० भन्दा माथी	१००/-	९५/-	९०/-	८५/-	८०/-	७५/-	७०/-	६५/-

पुनश्चः १) न्युनतम मालपोत रकम रु.१०/भन्दा कम हुने छैन ।

२) म्याद नाघेकोमा जरिवाना रकम देहाय वमोजिम असुल गरिनेछ । यसरी जरिवाना असुल गर्दा जरिवाना असुल गर्दाको आर्थिक वर्षको ऐनमा उल्लेखित मालपोत दर र जरिवाना दरलाई आधार लिइनेछ ।

१ बर्ष	२ बर्ष	३ बर्ष	४ बर्ष	५ बर्ष	६ बर्ष	७ बर्ष	८ बर्ष	९ बर्ष	१० बर्ष वा सो भन्दा बढी
१०%	१५%	२०%	२५%	३०%	३५%	४०%	४५%	५०%	१००%

हिदम लामा

अध्यक्ष

अनुसुची ३

बहाल कर

(दफा ५ सँग सम्बन्धित)

आफ्नो क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्परा), कारखाना, जग्गा, वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्वन्धीत धनीबाट बहाल रकमको १० प्रतिशत घर बहाल कर असुल गरिने छ ।

अनुसुची: ४

व्यवसाय कर (बार्षिक)

(दफा ६ सँग सम्बन्धित)

आर्थिक बर्ष ०७५/७६ को लागि व्यवसाय दर्ता शूल्क

सि.नं.	व्यवसाय दर्ताको चालु पुजी	दर्ता शुल्क रू.	नविकरण शुल्क रू.
१	रू १,००,०००/ सम्म-	१,१००/-	५००/–
२	रू १,००,०००/- देखि रू ३,००,०००/-	३,१००/-	१५००
३	रू ३,००,००१/- देखि रू ५,००,०००/-	६,१००/-	३५००
४	रू.५,००,००१/-देखि रू २०,००,०००/-	१२,१००/-	७०००
५	रू.२०,००,००१/-देखि १,००,००,०००/-	२०,१००/-	१००००
६	रू.१,००,००,००१/-देखि रू ५,००,००,०००/-	३०,१००/-	१७०००
७	रू ५०,००,०००१/- र माथि	५०,१००/-	२५०००
८	घ वर्ग निर्माण व्यवसायिक दर्ता शुल्क घ वर्ग निर्माण इजाजत पत्र वितरण कार्यविधि २०७५ अनुसार हुनेछ ।	५०००/-	नविकरण शुल्क रू।१०००/ विलम्व शुल्क रू.२०००/-
९	ठुला क्रसर उधोग दर्ता	१,५०,०००/-	५१,०००/-
१०	वालुवा धुने उधोग प्रशोधन केन्द्र (साना क्रसर उधोग	२५,०००/-	१०,०००/-
११	नामसारी (उधोग)	१०,०००/-	
१२	ठांउ सारी (उधोग)	१०,०००/-	

अनुसुची: ४.१

व्यवसाय कर (बार्षिक)

(दफा ६ सँग सम्बन्धित)

क्र.सं.	विवरण	रकम
(क)	दैनीक उपभोगका खाध पदार्थ बिक्री गर्ने पसल	थोकमा रु २०००/- खुद्रामा रु १००० /-
(ख)	लुगा सिलाउने, कपाल काट्ने, कपडा धुने, पान वेच्ने, तस्वीर खीच्ने माटोको भाँडा बेच्ने पसल	रु ५००/-
(ग)	लत्ता, कपडा, फलाम, सिमेण्ट, कर्कट पाता, तामा, सुन चाँदीका गहना तथा पीत्तल बाट तयार हुने भाँडा कुँडा,रंग रोगन, कलात्मक, मुर्तीको सामान, बिजुलीको माल सामान बेच्ने पसल	रु १५०० /-
(घ)	मसलन्दको सामान, पेट्रोल, मोविल, आयल, आईसक्रिम, जुत्ता, फर्निचर, फर्निसिङ्ग, मेशिनका पाटपुर्जा, तयारी पाटपुर्जा, तयारी पोशाक आदी माल सामान बेच्ने पसलमा	रु १५०० /-
(ङ)	रेडीयो, घडी, क्यामेरा, मोवाईल/Smart Phone, टेलिभीजन, फ्रिज, सवारी साधन, वा विलासिताको सामान बेच्ने पसलमा	रु २०००/-
(च)	स्थानीय ईजाजत प्राप्त भएको भट्टी बाट उत्पादीत सवै प्रकारको मदिरा वेच्ने पसल वा भट्टीमा	रु २०००/-
(छ)	सिमेण्ट टायल, सिमेण्ट ब्लक, ह्युम पाईप, सिमेण्ट पोल जस्ता सिमेण्ट बाट तयार हुने सामानको प्रति पसल	रु २०००/-
(ज)	स्वदेशी वा विदेशी डिष्टीलरी वा ब्रोअरीबाट उत्पादित बोतल सम्वन्धी मदिरा पसल	रु १००० /-
(झ)	चिया, मिठाई तथा भोजनालय	रु ५००/-
(ञ)	नेपाल सरकारको स्वीकृती लिई स्थापना भएको मदभट्टी	रु ५००० /-
(ट)	छापाखाना	रु १००० /-
(ठ)	ईट, भिंगटी आदीमा प्रति चिम्नीको र ठाडो भट्टाको ईट्टा भिंगटी उत्पादन विक्रिमा	रु ५००/-
(ड)	ज्यासाल खोली व्यापार गर्ने लाई	रु १०००/-
(ढ)	होटल सम्वन्धी:	
	पाँच र चार तारे होटलमा	रु १०,०००/-
	तीन तारे होटलमा	रु ४०००/-
	दुई र एक तारे होटलमा	रु ३००० /-
(ण)	प्रकरण (ढ) मा नपरेका अन्य होटल, गेष्ट हाउस, लज	रु २००० /-
(त)	कविराज, चिकीत्सक, दन्त चिकित्सक, ईन्जीनियर, कानुन व्यावसायी, लेखा परिक्षक व्यवसायिक व्यायमशाला, परामर्श सम्वन्धी संस्था, ज्योतीष, शिक्षण संस्था (टाईप, कम्प्युटर), मनी चेन्जर, फर्निचर, पशु चिकीत्सा सेवा, मसाज पार्लर,	रु १००० /-

	पेण्टरलाई	
(थ)	बैंकीङ्ग तथा वित्तीय संस्था	
	(क) बर्गको बैंक वित्तिय संस्थालाई	रु ५००० /-
	(ख) बर्गको बैंक वित्तिय संस्थालाई	रु ४००० /-
	(ग) बर्गको बैंक वित्तिय संस्थालाई	रु ३००० /-
	(घ) बर्गको बैंक वित्तिय संस्थालाई	रु २००० /-
	अन्य (सहकारी, माईक्रोफाईनान्स तथा वित्तिय संस्थालाई)	रु १००० /-
(द)	दुग्ध व्यावसायी, चिज उधोगलाई	रु ५००/-
(ध)	ब्यवसायीक तालिम केन्द्रलाई	रु ५००/-
(न)	पेलिट्रिक सेट (माईक्रो हाइड्रो)	रु ५००/-
(प)	औधोगिक व्यवसाय	
	क) लघु उद्यम	रु ५००/-
	ख) घरेलु उद्योग	रु १०००/-
	ग) साना उद्योग	रु ५,००० /-
	घ) मझौला उद्योग	रु १०००० /-
	ङ) ठूला उद्योग	रु २००००/-
(फ)	गाउँपालिका क्षेत्रभित्र प्रधान कार्यालय भएको निर्माण व्यावसायीलाई	रु ३०००/-
(ब)	ब्याबसायिक संचार (फोन, फ्याक्स, ईन्टरनेट) सेवा प्रदायक व्यक्ति वा संस्था लाई	रु ५०० /-
(भ)	मिलको प्रति आश्वशक्ति बापत	रु ५०/-
(म)	माथिका बर्गिकरणमा नपरेका अन्य पसल तथा कारोवारमा	रु १००० /-

अनुसुची: ५

(दफा ७ सँग सम्बन्धित)

(२) भीमफेदी गाउँपालिका भित्र उत्पादन तथा सृजना भई निकासी हुने देहायका माल वस्तुमा देहायका दरमा कर लगाईनेछ:

क्र. सं.	नाम	ईकाई	दर
(क)	ऊन, प्राकृतिक, कृतिम, जगर	प्रति केजी	रु १/-
(ख)	खोटो	प्रति केजी	रु २ /-
(ग)	प्रचलित वन नियमावलीमा लेखीएको जडीबुटीको मुल्य, मात्रा र गुणस्तर हेरी गाउँ सभाले तोके बमोजिमको दर, तर व्यावशायिक खेतीको र स्थानीय उधोगमा अर्ध प्रशोधन हुने जडीबुटीको हकमा आधा दरमा लाग्ने छ।		
(घ)	वनकर (खर), बाबियो प्रति महलपत्ता, छ्वाली, पराल, बगास, निगाँलो, लाक्ता, पटेर, अम्लीसो, कुचो, बाँस, सिसौ, साल (चट्टा, गोलीया, चिरान) सम्वन्धित निकायको चलानीको आधारमा)	प्रति गाडा, प्रति ट्राक्टर	रु २००/-
		प्रति गोटा	रु १ /-
		प्रति ट्रक	रु.५००/-
(ङ)	स्लेट/विच्छाउने ढुङ्गा	प्रति वर्ग फिट	रु ५/-

(च)	भट्टामा प्रयोग गरिने माटो	प्रति वर्ग मिटर	रु २/-
	ईट्टा	प्रति एक हजार गोटामा	रु ५०/-
	सिमेण्ट	प्रति बोरा	रु २/-
(छ)	सुर्तीको डण्डल, कतरनल नसल	प्रति केजी	रु २/-
(ज)	सालको बियाँ	प्रति केजी	रु ५/-
(झ)	सल्लाको सिम्टा	प्रति केजी	रु २/-
(झ)	पत्थर कोईला	प्रति केजी	रु ५/-
(ञ)	मिनरल वाटर	प्रति वोतल	रु २/-

(३) स्वदेशमा स्थापना भएको उद्योगहरुले जे-जस्तो अवस्थामा छ सोही रुपमा पुनः प्रयोग (रि-युज) गर्ने देहाय वमोजिमका वस्तूमा उत्पादन स्थलमा वा संकलन केन्द्रमा देहाय कर उठाईनेछ :

क्र. सं.	नाम	ईकाई	दर
(क)	खाली सिसि र वियर वोतल	प्रति गोटा	रु १/-
(ख)	खाली सिसि मदिरा र अन्य ५०० एम एल भन्दा माथी	प्रति गोटा	रु १/-
(ग)	खाली सिसि मदिरा र अन्य ५०० एम एल भन्दा तल	प्रति गोटा	रु १/-
(घ)	प्लाष्टीकको वोतल, भाँडाँ कुँडा, पुराना जुत्ता, चप्पल, ग्यालीन, जर्किन आदी	प्रति केजी	रु १ /-
(ङ)	खाली बोरा: १) ५० केजी सम्म खाद्दान्न अट्ने प्लाष्टीक बोरा	प्रति केजी	रु २/-
	२) ५० केजी सम्म खाद्दान्न अट्ने जुटका बोरा	प्रति केजी	रु २/-
	३) १००० केजी सम्म खाद्दान्न अट्ने जुटका बोरा	प्रति केजी	रु ३/-
(च)	तेलको टीन: १) १० ली. भन्दा बढी अट्ने ठुलो	प्रति गोटा	रु ३/-
	२) १० ली भन्दा कम अट्ने सानो	प्रति गोटा	रु २ /-

४) पुनः प्रशोधन (रिसाईकलिङ्ग)गरि पुनः प्रयोग हुनसक्ने देहाय बमोजिमको दरमा कर उठाईनेछ।

क्र. सं.	नाम	ईकाई	दर
(क)	झिण्डु, प्राकृतीक, कृतीम, उनका टुक्रा	प्रति केजी	रु ३/-
(ख)	गार्मेण्टको कपडाको टुक्रा	प्रति केजी	रु ३/-
(ग)	जलेको मोविल	प्रति केजी	रु २/-
(घ)	जुट र प्लाष्टीकका बोरा	प्रति केजी	रु २/-
(ङ)	कार्पेटका टुक्रा	प्रति केजी	रु ३/-
(च)	टायर ट्युब	प्रति केजी	रु ३/-
(छ)	थोत्रो टिन	प्रति केजी	रु २/-
(ज)	पुरानो ड्रम	प्रति केजी	रु २/-
(झ)	पुराना कागज क, अखबार, (न्युज प्रीण्ट)	प्रति केजी	रु २/-

	ख, अन्य कागज (काटुन) समेत	प्रति केजी	रु २/-
(त्र)	धातुका टुक्राहरु र पत्रु भई काम नलाग्ने भएका धातुका सामानहरु		
	१. फलाम	प्रति केजी	रु ३/-
	२. अन्य धातु, पीत्तल, तामा आदी	प्रति केजी	रु ७/-
	३. थोत्रीयर काम नलाग्ने मेसिनरी औजार	प्रति केजी	रु ५/-
(ट)	पोलीथीन पाइपका टुक्राहरु	प्रति केजी	रु ५ /-
(ठ)	सिसा लिडको धुलो वा टुक्रा	प्रति केजी	रु ५ /-
(ड)	काँचको धुलो र टुक्रा	प्रति केजी	रु २/-

५.प्रचलित कानुनले निशेधित गरे बाहेकका पन्छीहरु जस्तैः हाँस, कुखुरा जस्ता पन्छीका प्वाँखमा गाउँसभाले निर्धारण गरे बमोजीमको कर प्रति केजी रु. ५/-

६. प्रचलित कानुनले निषेधित गरे बाहेकका मरेका वा मारिएका पश, जनवारहरुहरु:

क्र. सं.	नाम	ईकाई	दर
(क)	हाड	प्रति केजी	रु २/-
(ख)	सिंग	प्रति केजी	रु ३/-
(ग)	खुर	प्रति केजी	रु ३/-
(घ)	छाला ठुलो	प्रति गोटा	रु ३०/-
(ङ)	छाला (सानो)	प्रति गोटा	रु २०/-

अनुसूची-६

(दफा ८ सँग सम्बन्धित)

सवारी दर्ता तथा सवारी कर (बार्षिक) :

क्र. सं.	विवरण	रकम
(क)	बस, ट्रक, लरी र अन्य हेवी गाडीमा	रु ३०००/-
(ख)	भाडाको कार, जीपमा	रु २०००/-
(ग)	भाडाको टेम्पो, अटोमा	रु ७००/-
(घ)	भाडाको मिनी वस	रु २०००/-
(ङ)	निजी कार, जीप, भ्यान, मिनी वसमा	रु १०००/-
(च)	स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधनमा	रु ५००/-
(छ)	ठेला गाडा तथा रिक्सामा	रु १०० /-

अनुसूची:७

विज्ञापन कर (बार्षिक)

(दफा ९सँग सम्बन्धित)

क्र. सं.	विज्ञापनको किसिम	प्रति स्थान रु
(क)	दैनिक उपभोग्य वस्तुको विज्ञापन	रु १५००/-
(ख)	विलासिताको सामानको विज्ञापन	रु २५००/-
(ग)	अन्य	रु २०००/-

नोटः सचेतनामुलक तथा गैह्र नाफा मुलक विज्ञापन तथा प्रचार सामग्रीमा कर लाग्ने छैन ।

अनुसूची:८
मनोरञ्जन कर
(**दफा १० सँग सम्बन्धित**)

क्र. सं.	मनोरञ्जनको किसिम	दर रु तथा प्रतिशतमा
(क)	सिनेमा हल, भिडीयो हल, साँस्कृतीक प्रदर्शनी हल, थियटर संगीत तथा मनोरञ्जन प्रदर्शनी स्थलको प्रवेश शुल्क	१० प्रतिशत
(ख)	जादु, सर्कस, चटक आदीमा प्रतिदिन	रु ५००/-
(ग)	ऐतिहाँसिक, धार्मीक स्थल, पार्क, पौडी पोखरी, पोखरी (प्राकृतिक तथा मानव निर्मित), मनोरञ्जन स्थल आदिमा प्रवेश शुल्कमा	१० प्रतिशत

अनुसुची:९
बहाल विटौरी शुल्क
(**दफा ११ सँग सम्बन्धित**) (मासिक)

भीमफेदी गाउँपालिका क्षेत्र भित्र खाली रहेको पर्ती, ऐलानी जग्गामा गाउँपालिका आफैले वा कुनै व्यक्ति वा संस्थाले छाप्रा, टहरा निर्माण गरि वा नगरी हाटबजार क्षेत्र वा खुल्ला चौर वा सडक छेउको जग्गामा पसल वा अन्य कुनै व्यवसाय गरी वसेको भएमा प्रति स्थान वा टहरा वा छाप्रा वा कोठाको देहाय बमोजिम (बार्षिक) कर लागाईने छ :

१. गाउँपालिका आफैंले बनाएको वा सरकारी घर प्रति स्थान वा टहरा/छाप्रा वा कोठा (मासिक)- रु ४,०००/-

२. कुनै व्यक्ति वा संस्थाले बनाएकोमा प्रति स्थान वा टहरा वा छाप्रा वा कोठा आवासिय (मासिक)- रु.२००/-

३. कुनै व्यक्तिले बनाएकोमा प्रति स्थान वा टहरा वा छाप्रा वा कोठा व्यवसायीक किराना पसल/चिया नास्ता पसल(मासिक)- रु.५००/-

४.कुनै व्यक्तिले बनाएकोमा प्रति स्थान वा टहरा वा छाप्रा वा कोठा होटल पसल(मासिक)- रु.२,०००/-

५. गांउपालिका सभाहल प्रति कार्यक्रम प्रति दिन रु.२०००/

अनुसुची:१०
सेवा शुल्क तथा दस्तुर
(**दफा १३ सँग सम्बन्धित**)

क्र. सं.	सेवाको किसिम	रु.
(क)	• जन्म मिति प्रमाणित गर्ने गराउने • घर पाताल प्रमाणित गर्ने • व्यापार व्यवसाय वन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यावशाय हुदै नभएको शिफारिश गर्ने	रु १००/-

	• व्यक्तिगत विवरण प्रमाणित गर्ने । • जीवित संगको नाता प्रमाणित गर्ने । • हकवाला वा हकदार प्रमाणित गर्ने । • नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागी सिफारिस गर्ने । • संरक्षक प्रमाणित गर्ने तथा संस्थागत संरक्षक सिफारिस गर्ने । • अन्य सिफारिस	
(ख)	• नाता प्रमाणित गर्ने ।	रु १५०/-
(ग)	• मिलापत्रको कागज गराउने, निवेदन दर्ता गर्न सिफारिस गर्ने । • वैवाहिक अँगीकृत नागरिकता सिफारिस गर्ने । • धारा तथा विधुत जडको लागि सिफारिस गर्ने । • प्रहरी मुचुल्का तथा अन्य मुचुल्कामा रोहवर । • राईस मिल नविकरण	रु २००/-
(घ)	• कागज र मञ्जुरिनामा सिफारिस गर्ने । • पूर्जामा घर कायम गर्ने सिफारिस गर्ने । • पालन पोषणको लागि सिफारिस गर्ने । • कोठा खोल्न रोहवरमा वस्ने ।	रु ३००/-
(ङ)	• विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने । तर अन्तरजाती वा दलित गैरदलित विचको विवाह प्रमाणितमा ५०% छुट गरिने छ । • अँग्रेजी माध्ययममा सिफारिस तथा प्रमाणित गर्ने । • मोही लागत कट्टाको सिफारिस गर्ने । • फरक, फरक नाम, थर, जन्म, मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने । • नाम थर वतन जन्म मितिको संसोधनका लागि सिफारिस गर्ने । • कित्ता काट गर्न सिफारिस गर्ने । • नामसारी गर्न सिफारिस गर्ने । • जग्गा धनी पुर्जा हराएको सिफारिस गर्ने । • जग्गाको हक सम्वन्धमा सिफारिस गर्ने । • मृतकको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने,सार्जमीन मुचुल्का गर्ने । • घट्ट दर्ता गर्ने (नयाँ)	रु ५००/-
(च)	• आर्थिक अवस्था कमजोर वा वीपन्न प्रमाणित गर्न वा आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित गर्ने । • विद्यालय कक्षा थप गर्न सिफारिस गर्ने । • राईस मिल दर्ता	रु १०००/-
(छ)	• विद्यालय खोल्न सिफारिस गर्ने । (निजी) • विद्यालय ठाउँ सारि गर्न सिफारिस गर्ने (निजी)।	रु ५०००/-
(ज)	• बहालकरको लेखाजोखा सिफारिस गर्ने	१ प्रतिशत

(झ)	• घट्ट नविकरण गर्ने (मासिक)	रु २०/-
(ञ)	• पौडी पोखरी (प्रति व्यक्ती)	रु ५०/-
(ट)	• पर्यटकीयस्थल प्रवेश आन्तरिक पर्यटक (प्रति व्यक्ती)	रु.२०/-
(ठ)	• पिकनीक स्टल प्रति स्टल	रु.२०० /-
(ड)	• प्रति वस/ट्रक	रु.५०/-
(ण)	• हल्का सवारी साधन	रु.३०/-
(त)	• दुई पाङ्ग सवारी साधन	रु.१०/-
(थ)	• सुक्ष्म सभागृह प्रवेश शुल्क (गांउपालिका क्षेत्र भित्रको)	रु.५/-
(द)	• सुक्ष्म सभागृह प्रवेश शुल्क (गांउपालिका क्षेत्र वाहिरको)	रु.१०/-

अनुसूची १०(क)

दफा (१३) संग सम्वन्धित

सि.नं	परिमाण	दर
१	वातावरणीय प्रदुषण तथा प्रकोप नियन्त्रण शुल्क प्रति क्यु फिट	रु.००/२०

अनुसूची १०(ख)

दफा (१३) संग सम्वन्धित

गाउपालिका क्षेत्रमा घरपर्खाल बनाउन नक्सापास गरिपाउं भनी दिएको निवेदन बमोजिम नक्साको आधारमा(घर/पर्खाल बनाउन नक्सापास गरिदिंदा देहाय बमोजिमको दस्तुर लिइने छ।

	भवनको प्रकार	दर रेट
	आर.सि.सि. फ्रेमस्ट्रक्चर सिमण्ट जोडाई भवन	६.००
	लोड बियरिङ्ग स्ट्रक्चर सिमेण्ट जोडाई भवन	५.००
	लोड बियरिङ्ग माटो जोडाई स्ट्रक्चर भवन	४.५०
	लोड बियरिङ्ग जस्ता छाना भएको भवन	३.५०
	ट्रसको बिल्डिङ्ग	३.५०
	फाइबर बिल्डिङ्ग	३.५०
	प्रत्येक तल्ला थपमा रु. १/०० क्रमिक रुपले दर थप हुंदै जानेछ।	
	हाइराइज भवनको हकमा तोकिएको दस्तुरमा २० प्रतिशत छुट दिइनेछ।	
	ट्रसको लागि ११ फिट भन्दा अग्लो भएमा थप रु.१/- लाग्नेछ।	
	कच्ची घर निमाणको हकमा	
	विवरण	दर
	कच्ची घर निर्माण गर्दा ब्लकको गाह्रे, ढुगा, कांचो ईटा, माटो जोडाई भएको, जस्ता वा टायल छाना भएको (घ) वर्ग अन्तर्गत पर्ने भवनहरु	२.००
	(पर्खाल) निर्माणको हकमा	दर (रनिङ्ग फिटमा)
	पर्खाल निमाण	४.००
	भवन निर्माण रोक्का शुल्क:	
	जग्गा धनि प्रमाण पुर्जा को प्रतिलिपी १, सक्कल नापी नक्सा १ ,नागरिकता प्रमाण पत्रको प्रतिलिपी १	

	र रु. १५००-धरौटी वापत गांउपालिकामा निवेदन पेश गर्नुपर्ने ।		
	गांउपालिकाले निर्धारण गरेको मापदण्ड बमोजिम जग्गा विकाश (प्लटिंग) गर्नेहरुले प्लट नक्सा स्वीकृत गराउंदा देहाएवमोजिम सेवा शुल्क लाग्ने छ।		
	सि.नं.	बिवरण	रकम रू.
	१	जग्गाको क्षेत्रफल दुई कट्ठासम्म	६०००.००
	२	जग्गाको क्षेत्रफल दुई कट्ठा देखी पांच कट्ठा सम्म	१००००.००
	३	जग्गाको क्षेत्रफल पांच देखि दश कट्ठा सम्म	२००००.००
	४	जग्गाको क्षेत्रफल दशदेखि बीस कट्ठा सम्म	५००००.००
	५	जग्गाको क्षेत्रफल बिस कट्ठा भन्दामाथि जतिसुकैका लागि	६००००.००
	६	मापदण्ड लागू हुनभन्दा अगाडी कायम भएको तर सार्वजनिक भैनसकेका हकमा प्रति कित्ता (गांउपालिकाको सकृयतामा बाटो सार्वजनिक भएकोमा नलाग्ने)	३००.००
	नोटः- नयां बाटो खोल्दा माथि उल्लिखित क्षेत्रफलको आधारमा प्लटिङ्ग सरह नै दस्तुर लाग्नछ ।		
	म्याद थप दस्तुरः नक्सा पास गराई तोकिएको म्याद भित्र घर निमाण कार्य पुरा नभई तोकिएको म्याद भित्र घर निमाण कार्य पुरा नभई तोकिएको म्याद २ वर्ष भित्र म्याद थप गर्न आएमा नक्सा पासको लागी वुझाएको दस्तुरमा ६ प्रतिशत थप दस्तुर लाग्नेछ । २ वर्ष नाघेमा ५० प्रतिशत थप दस्तुर लिई पुन थप २ वर्ष म्याद थप गर्न सकिने छ ।		

ञ) वस्तुगत विवरण खुलाएको सेवा दस्तुरः

सडकको प्रकार	घरको प्रकार	जग्गाको क्षेत्रफल (रोपनीमा)		
		०-५	५-१०	१० भन्दा माथी
पक्की रोड	पक्की	रु. ५००/-	रु. ६००/-	रु. ७०० /-
	कच्ची	रु. ३००/-	रुं ६००/-	रु ५००/-
कच्ची रोड	पक्की	रु २००/-	रु. ३००/-	रु. ४००/-
	कच्ची	रु.१५०/-	रु. २५०/-	रु. ३००/-
गोरेटो बाटो	पक्की	रु १००/-	रु. १५०/-	रु. २००/-
	कच्ची	रु ५०/-	रु ७५/-	रु. १००/-

नोट : पक्की घर भन्नाले छाना आरसीसी ढलान भएको र कच्ची घर भन्नाले छाना ढलान नभएको घरलाई जनाउनेछ ।

(ट) घर जग्गको चार किल्ला खुलाएको सेवा दस्तुरः

(क) ०-५ रोपनी सम्म रु ३००/-

(ख) ५-१० रोपनी सम्म रु ५००/-

(ग) १० रोपनी भन्दा माथी रु १००० /-

(ठ) घर-जग्गा तथा चल-अचल सम्पत्ति मुल्याङ्कन सिफारिस दस्तुरः

क्र. सं.	विवरण	रु.
(क)	रु १० लाख सम्मको मुल्याङ्कन रकममा	रु ७००/-
(ख)	रु २० लाख सम्मको मुल्याङ्कन रकममा	रु १०००/-
(ग)	रु ३० लाग सम्मको मुल्याङ्कन रकममा	रु २०००/-
(घ)	रु ४० लाग सम्मको मुल्याङ्कन रकममा	रु ३०००/-

(ङ)	रु ४० लाख भन्दा माथी मुल्याङ्कन रकममा	रु ५०००/-

अनुसूची ११

जरिवाना शुल्क

[दफा १६(२) सँग सम्बन्धित]

१) फर्म, संस्था तथा अन्य व्यवसाय वा कार्य नविकरण विलम्ब शुल्क

१ बर्ष म्याद नाघेमा	१० प्रतिशत
२ बर्ष म्याद नाघेमा	२० प्रतिशत
३ बर्ष म्याद नाघेमा	३० प्रतिशत
४ बर्ष म्याद नाघेमा	४० प्रतिशत
५ बर्ष वा सो भन्दा बढी म्याद नाघेमा	५० प्रतिशत

[दफा १६(३) सँग सम्बन्धित]

विवरण	जरिवाना शुल्क
ट्रयाक्टर प्रति पटक	५०००/
जे.सि.वि.	१५०००/
एक्साभेटर	३५०००/

एकिकृत सम्पतिकर संकलन प्रयोजनको लागि
जग्गाको न्यूनतम मूल्यांकन हद

वडा नं. १

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति रोपनी रु
क. व्यापारिक क्षेत्र	टौवास, वाघझोरा, कमलमत्ता, खोप्लाङ्ग,रातोमाटे, सावक भैसे,७ हाल भिमफेदी	रू.१२००,०००/-
ख) आवासिय क्षेत्र	तारेरेन्जा, स्याउली सावक भैसे -७ नयागांउ,शिखरवास, सावक भैसे,८,सालघारी, कप्सेरी, वाघचौर, आधामार, सानुटार, याङ्गराङ्ग, घुमाउने, जरुङ्गटोल, वीचटोल, गोलेटोल, वलटोल, मच्छेवास, आवासिय क्षेत्र, आपखोल्सी, झोर, रातो डाडा, सेपटोल, लेकटोल	रू.३००,०००/-
ग) कृषि क्षेत्र	कैलाश, चेपाङ्ग टोल, यांङ्गराङ्ग, खर्कटोल, घैया डाडा, पुरानो किसेडी, लेकटोल, राकसखोला, गोठडाड, जोर सिमल, नौडाडा, थपके डाडा	रू.१००,०००/-
घ) वन तथा वगर क्षेत्र	याङ्गराङ्ग खोला, किसेडी खोला	रू.७५,७००/-

वडा नं. २

मुख्य क्षत्र	स्थान	न्यूनतम मूल्य प्रति रोपनी रु
क. व्यापारिक क्षेत्र	त्रिभुवन राजपथको दाया, वाया भैसे वजार, आपचौर, तिल्टार कालिटार चुनिया सम्म	रू.६००००/-
ख) आवासिय क्षेत्र	भैसे, आपचौर, तिल्टार, कालिटार, चुनिया र ग्रामिण कृषि सडकको दाया वांया कोलागी	रू.४००००/-
ग) कृषि क्षेत्र	गुण्डिङ्ग, रिठ्ठे, याङ्गराङ्ग,पोखरी निगाले घण्टेखोला, भैसेटार	रू.३००००/-
घ) वन तथा वगर क्षेत्र	राप्ती वगर, चौकि डाडा, ओखे खोला , स्याउली वगर	रू.१५०००/-

वडा नं.३

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति रोपनी रु
क. व्यापारिक क्षेत्र		
ख) आवासिय क्षेत्र	सावक २ नं वडा अर्न्तगत ग्रामिण सडकले छोएको	३००,०००/-
	सावक ३ नं वडा अर्न्तगत ग्रामिण सडकले छोएको	४००,०००/-
	सावक ४ नं वडा अर्न्तगत ग्रामिण सडकले छोएको	३,५०,०००/-
	सावक ५ नं वडा अर्न्तगत ग्रामिण सडकले छोएको	३,५०,०००/-
ग) कृषि क्षेत्र	सावक २ नं वडा अर्न्तगत	
	झल्कने, अलैची दमार	३,५०,०००/-
	लेक पान्द्राङ्ग, ज्यालटार	३,००,०००/-
	चिलाउने, सिमलटार, पारीपाखा	२,५०,०००/-
	सावक ३ नं. वडा अर्न्तगत	
	ईच्चुङ्ग, विच टोल	४००,०००/-
	वाहुन डाडा, गुम्वा डाडा, चौतारा, सौराहा टोल तर्फ	३,००,०००/-
	सावक ४ नं. वडा अर्न्तगत	
	कटुस घारी वेसारघारी, गोठ डाडा	२,५०,०००/-
	आपचौर र सादीकुना	३,००,०००/-

	साविक ५ नं. वडा अर्न्तगत	
	भुमी चुली चौतारा टोल खानी क्षेत्र	२,५०,०००/
	वसन्ते, माथिल्लो अम्लिङ्ग, धाप डाडा, गोगनपानी	२,५०,०००/
	अम्लिङ्ग केरा वारी	३,५०,०००/-
घ) वन तथा वगर क्षेत्र	सुन्दर सामुदायिक वन ईच्चुङ्ग (साविक,३)	
	कुम्भेश्वरी सामुदायिक वन (साविक २ नं. वडा)	
	कालिवन सामुदायिक वन (साविक ४ नं. वडा)	
	पोल दम्की वगर क्षेत्र	
	आपचौर वगर क्षेत्र	
	राप्ती वगर क्षेत्र	

वडा नं.४

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति रोपनी रु
क. व्यापारिक क्षेत्र	पान्द्राङ्ग वजार देखि निवुवाटार, चिउरी वगैचा,रानीखोला र गोल्पिङ्गवेसी सम्मको भीमफेदी हेटौडा सडक संग जोडिएको जग्गाहरु	८००,०००/-
ख) आवासिय क्षेत्र	न्द्राङ्ग वजार देखि निवुवाटार, चिउरी वगैचा,रानीखोला र गोल्पिङ्गवेसी सम्मको भीमफेदी हेटौडा सडक खण्डको २०० मिटर भित्री भागका जग्गाहरु	६००,०००/-
ग) कृषि क्षेत्र	गुण्डिङ्ग, निउरे, मानेडाडा, चुलेसि डाडा, खत्रि डाडा, डुम्रेटार, थानसिंङ्ग, भित्री रानीखोला, गोल्पीङ्ग लगाएतका ग्रामिण सडक संग जोडिएको तथा आसपासका खेतियोग्य जग्गाहरु	५००,०००/-
घ) वन तथा वगर क्षेत्र	गुन्डिङ्ग, सामुदायिक वन, कालिवन सयुक्त सामुदायिक वन, सरस्वती सामुदायिक वन, सीतापाईला सामुदायिक वन	

वडा नं. ५

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति प्रति रोपनी रु
१) क. व्यापारिक क्षेत्र	छवेली देखि व्यारेक सम्म	३२००,०००/-
ख) आवासिय क्षेत्र	छवेली देखि व्यारेक सम्म	२४,००,०००/-
ग) कृषि क्षेत्र	छवेली देखि व्यारेक सम्म	१६,००,०००/-
घ) वन तथा वगर क्षेत्र	छवेली देखि व्यारेक सम्म	५०,०००/-
२) आवासीय	दम्की धुसेनी	२००,०००/-
कृषि क्षेत्र	दम्की धुसेनी	१००,०००/-
वन तथा वगर	दम्की धुसेनी	५०,०००/-
३) आवासीय	दम्की दमार	२,५०,०००/-
कृषि क्षेत्र	दम्की सोलाभंज्यांग	२,५०,०००/-
वन तथा वगर	दम्की मठान वास्थला	२,५०,०००/-
४) व्यापारीक	दम्की सुपिङ्ग	२,५०,०००/-
आवासीय	दम्की सुपिङ्ग	२,००,०००/-
कृषि	दम्की सुपिङ्ग	१,५०,०००/-
वन तथा वगर	दम्की सुपिङ्ग	५०,०००/-
५) व्यापारीक		

आवासीय	खोल्मु डाडा माथिल्लो ज्यामिरे, वीच ज्यामिरे तल्लो ज्यामिरे, अगौटे	२,००,०००/-
कृषि क्षेत्र	खोल्मु डाडा माथिल्लो ज्यामिरे, वीच ज्यामिरे तल्लो ज्यामिरे, अगौटे	१,००,०००/-
वन तथा वगर	खोल्मु डाडा माथिल्लो ज्यामिरे, वीच ज्यामिरे तल्लो ज्यामिरे, अगौटे	५०,०००/-
आवासीय	वाह्रविसे गैरीगांउ कुलिनघाट	१,५०,०००/-
कृषि	वाह्रविसे गैरीगांउ कुलिनघाट	१,००,०००/-
वन तथा वगर	वाह्रविसे गैरीगांउ कुलिनघाट	५०,०००/-

वडा नं. ६

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति रोपनी. रु
क. व्यापारिक क्षेत्र	भीमफेदी वजार धानगोदाम देखि ज्यासल टोल सम्म मुख्य सडक दाया वाया	३२,००,०००/-
ख) आवासिय क्षेत्र	धान गोदाम, सिमल्टार, वैंक रोड, छवेली सडक	२४,००,०००/-
	टारगांउ भित्री सडक	२०,००,०००/-
	चोक वजार छवेली सडक	२४,००,०००/-
	धोसिङ्ग माझगांउ स्वारा अम्रिसो घारी	३,००,०००/-
	जुरीखेत देउराली सडक	३,००,०००/-
	देउराली फापरवारी सडक	२,००,०००/-
	जुरीखेत गडेली सडक	१,००,०००/-
	खोरभंज्यांग, माण्डु चापाघारी सडक	१,५०,०००/
	गोल्पीङ्ग वेसी देखि धोसिङ्ग सम्म	६,००,०००/
ग) कृषि क्षेत्र	ढडडाघारी, धोसिङ्ग, माण्डु, जुरीखेत,	१,००,०००/-
	गडेली	१००,०००/
	पारी वजार कृषि क्षेत्र	२००,०००/-
	उर्लाघारी, काफलचौर, सुकावस्ती	५०,०००/-
	किट भन्ज्यांग,पानीघाट, लामखोला	५०,०००/-
	टारंगांउ र सिमलटार कृषि क्षेत्र	५००,०००/-
घ) वन तथा वगर क्षेत्र	पारी वजार, धोसिङ्ग वग क्षेत्र	५०,०००/-

वडा नं. ७

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति रोपनी रु
क. व्यापारिक क्षेत्र		
ख) आवासिय क्षेत्र	भीमफेदी कोगटे इपा सिस्नेरी मोटर वाटोले भेटेको आवासीय क्षेत्रको जग्गा	७०,०००/-
	पक्की मोटर वाटोले भेटेको जग्गा	५०,०००/-
	कच्ची तथा शाखा मोटर वाटोले भेटेको जग्गा	४०,०००/-
ग) कृषि क्षेत्र	समथर खेती योग्य जग्गा	३०,०००/-
	पखावारी खेती योग्य जग्गा	२५,०००/-
घ) वन तथा वगर क्षेत्र		

वडा नं. ८

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति रोपनी रु
	साविक इपा गाविस वडा नं.७,८,९	
	भीमफेदी कोगटे इपा सडक संग जोडिएको जग्गा	२५०,०००/-
व्यापारिक क्षेत्र (१)	अन्य कच्ची मोटर वाटो संग जोडिएको जग्गा	२,००,०००/-

	सिस्नेरी इपा सडक संग जोडिएको जग्गा	२,२५,०००/-
व्यापारिक क्षेत्र (२)	साविक इपा गाविस वडा नं. १,२,३	
	कान्ती लोकपथ सडक संग जोडिएको जग्गा	२,००,०००/
	काठमाण्डौ निजगढ द्रुतमार्ग संग जोडिएको जग्गा	२,००,०००/-
व्यापारिक क्षेत्र (३)	साविक इपा गाविस वडा नं. ९	
	काठमाण्डौ निजगढ द्रुत मार्ग संग जोडिएको जग्गा	२,२५,०००/-
आवासिय क्षेत्र (१)	साविक इपा गाविस वडा नं.७,८,९	
	भीमफेदी कोगटे इपा सडक संग जोडिएको जग्गा	२०००००
	अन्य कच्ची मोटर वाटो संग जोडिएको जग्गा	१७५०००/-
आवासिय क्षेत्र (२)	साविक इपा गाविस वडा नं.१,२,३,४,५,६	
	कच्ची मोटर वाटो संग जोडिएको जग्गा	१,५०,०००/-
कृषि क्षेत्र (१)	साविक इपा गाविस वडा नं. ७,८,९	
	गोरेटो वाटोलाई छोएको जग्गा	१,५०,०००/-
	वाटोले नछोएको जग्गा	१००,०००/-
कृषि क्षेत्र (२)	साविक इपा गाविस वडा नं.१,२,३,४,५,६	
	गोरेटो वाटोले छोएको जग्गा	१००,०००/-
	वाटोले नछोएको जग्गा	८०००० /-
खानी क्षेत्र (१)	साविक इपा गाविस वडा नं.२,३,४,५ (चुन ढुङ्गा खानी क्षेत्रको जग्गा)	२,००,०००/-
खानी क्षेत्र (२)	साविक इपा गाविस वडा नं.१,२,३,६,७,९ (ढुङ्गा, गिट्टी वालुवा खानी क्षेत्रको जग्गा (इपा खोला र वाग्मती खोला आसपास)	२००,०००/-
वन तथा वगर क्षेत्र	साविक इपा गाविस वडा नं.१,२,३	
	सामुदायिक वन क्षेत्र	
	साविक इपा गाविस वडा नं.४ र ५	
	तिखेचुली सामुदायिक वन क्षेत्र	
	साविक इपा गाविस वडा नं.६,७,८,९	
	पञ्चकन्या सामुदायिक वन क्षेत्र	

वडा नं. ९

मुख्य क्षेत्र	स्थान	न्यूनतम मूल्य प्रति रोपनी रु
क. व्यापारिक क्षेत्र	त्रिभुवन राजपथ वाघमारा देखी सिम भंज्यांङ्ग सम्म कालो पत्रे	३००,०००/-
ख) आवासिय क्षेत्र	कृषि सडक संग जोडिएको जग्गा	२००,०००/-
ग) कृषि क्षेत्र	गोरेटो वाटो संग जोडिएको धनहर खेत	१,५०,०००/-
	गोरेटो वाटोले छोएको पाखो वारी	७५,०००/-
घ) वन तथा वगर क्षेत्र	वन तथा खहरे छोएको जग्गा	४०,०००/-